# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ असोज १३ गते

## दशैं-तिहार बिदामा आयोगका कार्यालयहरू खुलै रहने

विगतको परम्परालाई कायम राख्दै यस वर्षको बडादशैं तथा तिहारको सार्वजनिक बिदाको अवधिमा राष्ट्रिय मानव अधिकार आयोगका सबै कार्यालयहरू दिनको ११:०० बजेदेखि २:०० बजेसम्म खुला रहनेछन् । चाडपर्वको समयमा हुनसक्ने मानव अधिकार हननविरुद्ध उजुरी लिने, आवश्यकताअनुसार अनुगमन र अनुसन्धान गर्ने कार्यलाई अविच्छिन्न रूपमा निरन्तरता दिनका लागि आयोगका सबै कार्यालयहरू खुला राखिने भएको हो ।

साथै, गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घन तथा ज्यादातीका घटनाहरूको अनुगमनका लागि आयोगमा 'र्‍यापिड रेस्पोन्स टिम' गठन गरिएको छ । उक्त टिमको हटलाइन नम्बर यसप्रकार छ : ५०-१०-००० ।

सुवर्ण कर्माचार्य
निमित्त सचिव